- उल्लेखित अनुसारका समितिले मिति २०७७।७।५ गते विहान सन्धिखर्क नगरपालिकाको मुख्य वजार सन्धिखर्क चुत्रावेसी समेतका वजारमा रहेक मासु व्यवसायहरु र डेरीहरुकोलाई प्राथमिकतामा राखि अनुगमन गरिएको थियो जस्मा १६ मासु व्यवसायको र ८ डेरीको अनुगमन गरिएको थियो । जस्मा चुत्रावेसी वागीखोला नजिकै रहेको खान मासु पसल र सोही ठाउँ नजिक वागी खोला पारी पट्टीको आयुष मासु पसलको वध स्थल प्रतक्ष्य देखिने रोडको साम् ने रहेको अवस्था हुँदा वध स्थल गोप्य ठाउमा अन्यत्र व्यवस्थापन मिलाउन भनि१५ निर्देशन दिईएको ।
- -अनुगमन गरेका केही डेरीहरुले दर्ता तथा नविकरण नगरेको अवस्था देखि तत्काल नविकरण गर्न र मुल्य सूची नटाँसेका डेरीहरुलाई मुल्य सुची टाँस गर्न र अर्घाखाँची दुध सहकारीको अनुगमन गर्दा डेरीको सरसफाईको अवस्था अति नाजुक पाईएकोले डेरीलाई पुर्ण सरसफाईमा ध्यान दिन डेरी भित्र प्रवेशमा जो कसैलाई प्रवेश गर्न निषेद गर्ने सूचनाको वोर्डको व्यवस्था गर्न र डेरी भित्र प्रवेश गर्दा जुत्ता चप्पलको छुट्टै व्यवस्था मिलाउने जस्त विषयमा विशेष निर्देशन दिईएको थियो ।
- माथि उल्लेखित मासु तथा डेरीको केही अपवाद वाहेक ९० प्रतिशत अवस्था सन्तोष जनका देखिन आयो भने १० प्रतिशत अवस्थमा माथि उल्लेख भए अनुसार सुधार गर्नु पर्ने अवस्था देखिन आयो

- **मिति २०७७।७।२७** गते अनुगमन समितिबाट यस नगरपालिकाको वडा नं. ७ को फुदवाङ वजार, वडा नं.१ को स्याले तथा हस्पिटलको आसपास को वजारमा अनुगमन गरियो । उक्त दिनमा ५४ पसल अनुगमन गरिएकोमा किराना तथा गल्ला- २६ मासु- २ होटल तथा नास्ता- ८ मेसीनरी औजार- २ मोटर पार्ट -१ फेन्सी- ४ सुन चाँदी- ३ कोलड्रिङ- २ फर्निचर- २ भाँडा पसल ३- ईलेक्टिकल- १
- यसमा सन्धिखर्क नगरपालिका कार्यालयमा दर्ता नगरि संचालन गरेका ग्रिन होटल, कामना फेन्सी, देउराली मोटर पार्ट, कविता किरना पसल, सागर कोल्ड ड्रिङस, विरेनेद्र रेस्टुरेण्ट, विजय कोल्ड्रिङ ,खड्का किराना स्टोर, खनाल मोटर आदि व्यवसायहरुलाई तत्काल वडा कार्यलयमा दर्ता गर्न भनि सुझाईएको ।
- ढोरपाटनको किनारामा सार्वजनिक ठाउमा राखिएका टंकी व्यवसायहरुलाई १ महिना भित्र कानुनी प्रक्रिया पुरा गर्न निर्देशन दिईएको ।
- स. न. पा. १ कारागार नजिकमा रहेको मोहित किराना पसलबाट आधा किलाको ४ पाकेट सूजीको म्याद नाघेको पाईएको हुँदा उक्त सामान जफत गरिनको साथै म्याद गुजारेको सामान टाँडिबाट अलग्गै राख्ने व्यवस्था मिलाउने र उपभोग्य मिति हेरेर मात्र खाद्य सामाग्रि विक्रिवितरण गर्न भनि निर्देश गरिएको ।

- मिति २०७७।७।२७ गते अनुगमन समितिबाट यस नगरपालिकाको वडा नं. ७ को फुदवाङ वजार, वडा नं.१ को स्याले तथा हस्पिटलको आसपास को वजारमा अनुगमन गरियो । उक्त दिनमा ५४ पसल अनुगमन गरिएकोमा किराना तथा गल्ला- २६ मोसु- २ होटल तथा नास्ता- ८ मेसीनरी औजार- २ मोटर पार्ट -१ फेन्सी- ४ सुन चाँदी- ३ कोलड्रिङ- २ फर्निचर- २ भाँडा पसल ३- ईलेक्टिकल- १
- यसमा सन्धिखर्क नगरपालिका कार्यालयमा दर्ता नगरि संचालन गरेका ग्रिन होटल, कामना फेन्सी, देउराली मोटर पार्ट, कविता किरना पसल, सागर कोल्ड ड्रिङस, विरेनेद्र रेस्टुरेण्ट, विजय कोल्डिङ ,खड्का किराना स्टोर, खनाल मोटर आदि व्यवसायहरुलाई तत्काल वडा कार्यलयमा दर्ता गर्न भनि सुझाईएको ।
- ढोरपाटनको किनारामा सार्वजनिक ठाउमा राखिएका टंकी व्यवसायहरुलाई १ महिना भित्र कानुनी प्रक्रिया पुरा गर्न निर्देशन दिईएको ।
- स. न. पा. १ कारागार नजिकमा रहेको मोहित किराना पसलबाट आधा किलाको ४ पाकेट सूजीको म्याद नाघेको पाईएको हुँदा उक्त सामान जफत गरिनको साथै म्याद गुजारेको सामान टाँडिबाट अलग्गै राख्ने व्यवस्था मिलाउने र उपभोग्य मिति हेरेर मात्र खाद्य सामाग्रि विक्रिवितरण गर्न भनि निर्देश गरिएको ।

- **३-तेसो दिन मिति २०७७।७।२८** गतेका दिन सन्धिखर्क नगरपालिकाको वडा १० को विहार वजार र वडा नं.२ को रुव्दी वजार र वडा नं.१ को रतहले वजारको अनुगमन गरियो । जस्मा जम्मा ४७ पसल अनुगमन गरिएको थियो ।
- यसमा किराना गल्लामा - २१ पसल मासु व्यवसाय- ७ ,सिलाई कटाई -२ ,होटल नास्ता तथा खाजा पसल- ७ ,फेन्सी कस्मेटिक- ७ ,भाँडा तथा हाडवयर-, ३ अनुगमन गरिएको थियो जस मध्ये ७ व्यवसायले मात्रै सवै प्रक्रिया पुरा गरेको अवस्था देखिन्छ भने ९ पसहरुले दर्ता मात्र गरेका नविकारण नभएको अवस्था देखियो । ३१ पसलमाहरु नगरपालिका कार्यालयमा दर्ता नै नगरि संचालन गरेको अवस्था पाईयो ।

निचोडमाः

- अनुगमन गरेका पसल संख्या जम्मा -१२५
- किराना तथा गल्ला -४७
- मासु व्यवसाय-२५
- डेरी -८
- होटल तथा नास्ता पसल -१५
- मोटर पार्ट तथा मेसिन औजार ३
- फेन्सी -११
- सुनचाँदी -२
- कोल्ड्रिङ- २
- फर्निचर -२
- भाडा पसल- ६
- कपडा तथा सिलाई कटाई- ३
- ईलेक्ट्रिकल- १

देखा परेको अवस्था

१- अनुगमनगरेका किराना तथा गल्ला पसलमा मुल्य सूची ५० प्रतिशत मात्र राखिएको तर ५० प्रतिशतमा नभएको अवस्था पाईयो । अनुगमन गरेका किराना तथा गल्ला व्यवसायको दर्ता तथा नविकरण गरि अध्यावधिक गरेका व्यवसायको संख्या २० प्रतिशत मात्र गरेको अवस्था देखिन्छ भने वाँकी ३० प्रतिशतले दर्ता मात्र गरेको तर वनिकरण नगरेको अवस्था देखिन आयो

२- अनुगमन गरेका ७० प्रतिशत व्यवसायहरु प्यान नं. वनाएको पाईयो भने नगर पालिकामा दर्ता गरि प्रमाण पत्र लिएका ६० प्रतिशत मात्र रहेको अवस्था देखिन आयो भने नविकरण गरेका २५ देखि ३० प्रतिशतमात्र भएको अवस्था देखिन आयो ।

नगरपालिकाका दर्ता नै नगरि संचालन गरेका पसलको संख्या लगभग ४० प्रतिशत रहेको छ ।

३ –किराना तथा गल्ला पसलहरुमा लगभग १० देखि १५ प्रतिशत मात्र मुल्यमा फरक भएको पाईयो ।

क्रमस.....

४- नगरपालिकामा व्यवसाय दर्ता तथा नविकरण सम्बन्धमा किन नियमित नभएको भनि व्यवसायहरु संग सोधनी गर्दा २०७५ साल सम्म नगरपालिका कार्यालयबाट नै व्यवसाय कर दस्तुर लिन भनि स्थलगत रुपमा नै कर्मचारी खटिई आउने गरेको पछि कार्यालयबाट किन आउन छाडेको हो कर्मचारीले नै उठाउन आउनु होला भनि हामीले वुझाउन नगएको हो भन्ने भनाईको प्रतिक्रिया दिईएको पाईयो ।

वजार अनुगमन समितिबाट वजार अनुगमनको क्रममा गरिएको कार्य

१-किराना तथा गल्ला , होटल, डेरी, मिठाई मासु, तरकारी तथा फलफुल व्यवसायहरुलाई आफ्नो पसल तथा व्यवसायमा अनिवार्य मुल्यसूचि अध्यावधिक गरि राख्न र खाद्य वस्तुमा उपभोग्य मितिमो ध्यान दिन, उपभोग्य मिति सकिएको सामाग्रिलाई अलग्गै राखि फिर्ता दिन, लेवल नभएको खाद्य सामाग्रि पसलमा नराख्न भन्ने समेतका सुझाव तथा निर्देशन दिईएको ।

२- दर्ता तथा नविकरण नगरी संचालन गरेको व्यवसायहरुलाई १ महिना भित्र सवै कानुनी प्रक्रियापुरा गरि संचालन गर्न अन्यथा कानुन वमोजिम व्यवसाय संचालन गर्न रोकलगाईने भनि निर्देशन गरिएको ।

३- मासु ,डेरी, होटल तथा मिठाई व्यवसायहरुलाई सरसफाईमा विशेष निगरानीका साथ अनुगमन गरि सरसफाईलाई पूर्ण ध्यान दिन भनी निर्देशन दिएको ।

४ अनुगमनको क्रममा उपभोग्य मिति समिएका खाद्य सामाग्रिमा भेटिएमा जफत समेत गरिएको

वजार तथा व्यवसायहरुको दर्ता प्रक्रियालाई व्यवस्थित गर्न केही उपायको खोजी

१-टोल सुधार समितिलाई क्रियासिल वनाई समितिबाट टोललाई व्यवस्थित गर्ने कार्यक्रम तय गरि नगरपालिकाबाट टोल सुधार समितिलाई कार्यक्रम संचालन गर्न रकम विनियोजनको व्यवस्थापन मिलाउनु पर्ने टोल सुधार समितिलाई आ-आफ्नो टोलम रहेका व्यवसायको लगत तथा व्यवसाय दर्ता नविकरण गर्ने कानुनी प्रकियाको नियमितता भए नभएको वारेमा समेत जिम्मेवारीको व्यवस्था मिलाउने ।

२- वजार एरियामा रोड लाईटलाई व्यवस्थित गर्न रोडलाईको चार्ज(शुल्क) को पालिकाबाट व्यवस्था मिलाउने

३- सवै व्यवसायहरुको घरै पिच्छे सिलसिलाको रुपमानै तथ्याङ्क-तयार गरि लगत अध्यावधिक गर्ने र लगतलाई कम्प्युटराईज गरि व्यवस्थित गर्ने ।

४-खडा गरिएको व्यवसायहरुको लगतको आधारमा व्यवसाय करको असुलि नियमित गर्ने व्यवस्थाको उपायको खोजि गरि उपाय अवलम्वन गर्ने ।

न्यायिक समितिको प्रथम चौमासिक प्रगती विवरण २०७७ साल

१-न्यायिक समितिको वैठक संख्या ५

२- न्यायिक समितिमा विवादको छलफलमा वसेको ईजलाश पटक ३

३- मुद्दा मेलमिलापको क्रममा फिल्ड अध्ययन पटक-१

४- मेलमिलाप सम्बन्धि कार्यविधि २०७७ को कार्ययोजना निर्माण गर्न न्यायिक समितिका सदस्य सचिव श्री जीब नारायण आचार्य र कानुनी सहजकर्ता श्री सुजाता रायमाझीलाई जिम्मेवारी तोकिएको तोकिएको

मुद्दाको प्रगती बिवरको तालिका निम्न अनुसार छ ।

सि नं.	मुद्दा	जम्मा दर्ता	मेलमिलाप भएका	फैसला	अदालतमा पठाएको	वाँकी अर्को आ.व.मा अल्या
१	४७-१	५		१ फैसलाको नजिक	-	१ मिलापत्रको नजिक वाँकी
२	४७-२	९	३	-	-	६ मध्ये १ मिला पत्रको लागि नजिक

बाणिज्य तथा उद्योगको सम्बन्धी

१- २०७७ श्रावण देखि २०७७ आश्विन २८ गते सम्म नगरपालिका कार्यालयमा विभिन्न प्रक्रितिका पशु तथा कृषि , व्यापार व्यवसाय तथा उद्योगहरुको दर्ता संख्या -१५९

२-मिति २०७७ आश्विन २८ गते पालिकामा रहेको रेकर्डको प्रतिलिपि सहित वाडा कार्यालयका सचिब बाट नै आ-आफ्नो वडाको व्यवसायहरुको दर्ता तथा नविकरण गर्ने जिम्मेवारी सहित सवै वडामा पठाईएको

सहकारी तर्फ

- ०७७ श्रावणदेखि सहकारी नयाँ दर्ता भएका संख्या ५
  - वहुउदेश्य सहकारी सहकारी २
  - कृषि सहकारी ३

धन्यवाद ...

सन्धिखर्क नगरपालिका, सन्धिखर्क, अर्घाखाँची

आ.ले.प शाखा

आ.व.२०७७।०७८ को प्रथम चौमासिक समिक्षा विवरण

मिति : २०७७।०९।१९

स्थान : सभाहल

प्रस्तोता : गोमा ज्ञवाली

प्रस्तुती को ढाँचा

- शाखागत परिचय :
- यस शाखाको उद्देश्यः
- आ.व ०७०।७१ देखि हालसम्म भएको बेरुजु विवरण :
- प्रथम चौमासिकमा बेरुजु संपरिक्षणको लागि प्रमाण तथा कागजात पेश भएका बेरुजुहरुको विवरण :
- आ.व ०७७।७८ को आन्तरिक लेखापरिक्षणको क्रममा समस्या देखिएका पक्षहरु :
- सकारात्मक पक्षहरु :
- सुझावहरु :

शाखागत परिचय :

- आ.ले.प शाखा सन्धिखर्क नगरपालिका
- कमचारी संख्या : आ.ले.प अधिकृत १जना
- : आ.ले. प सहायक १जना

उद्देश्य

- कार्यालयको आर्थिक स्थितिको यर्थाथता सार्वजनिक गर्ने,
- सार्वजनिक स्रोत तथा साधनहरुको उपयोग तथा परिचालनमा मितव्ययीता अपनाई नोक्सानीलाई कम गर्ने,
- नियम तथा कानुनको परिपालना गर्ने, र गराउन सक्दो प्रयास गर्ने,
- अनुचित कार्य तथा कानुन विपरित कार्य नगर्ने र कसैबाट भएको देखिएमा सो को यर्थाथता ल्याउने,
- आर्थिक अनुशासन कायम गर्न सहयोग गर्ने,
- कारोवारमा भएका भुल तथा त्रुटिहरु समयमै पत्ता लगाई समाधान गर्न सकिने भएसम्म गर्ने प्रयास गरि अन्तिम लेखा परिक्षण मा बेरुजु कम गर्ने सक्दो प्रयास गर्ने , आदि ।

आ.व. २०७०।७१ देखी हाल सम्मको बेरुजु तथा फछ्र्यौट विवरण

आ.व	विवरण	असुल गर्नुपर्ने	नियमित गनुपर्ने	पेश्की	फछ्र्यौट	बाँकी बेरुजु
२०७०।०७१	साविक सन्धिखर्क गाविस	७८४८४	०	३०००००	१४००००	२३८४८४
२०७०।०७१	साविक नरपानी गा.वि.स	४९८०	०	४३००००	०	४३४९८०
२०७०।०७१	साविक खाँचीकोट गा.वि.स	३५०६	०	०	०	३५०६
२०७१।०७२	स न पा मेरो मिडियाघर	२७६३९	३२८००	०	०	६०४३९
२०७२।०७३	बेरुजु नदेखिएको	०	०	०	०	०
२०७३।०७४	विभिन्न बेरुजु	२८५६२३	३०००००	०	०	५८५६२३
२०७४।०७५	विभिन्न बेरुजु	०	९३९१४२	२५१००००	०	३४४९१४२
२०७५।०७६	विभिन्न बेरुजु	२८८००	१५१३८६४०	४२७२००	१९०८२०३	१३६८६४३७
	जम्मा	४२९०३३	१६४१०५८२	३६६७२००	२०४८२०३	१,८४,५८,६१२

बेरुजुको बिस्तृत विवरण

सि.न	बेरुजुको संक्षिप्त विवरण	रकम	कैफियत
१	**पेश्की बेरुजु : कार्यालयले दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फछर्यौट भई सक्नुपर्नेमा देहायका व्यक्ति तथा संस्थाहरुलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्य सम्म फछर्यौटा भएको नदेखिएको ।**		
	(ग) सुर्योदय महिला समुह (फछ्र्यौटका लागि कागजात पेश भएको)	१०००००	
	(घ) रामचन्द्र बन्जाडे	३५०००	
	(ङ) अमरदिन मिया	२५०००	
	(क) मोहन विक्रम के.सि	६००००	
	(ख) पिताम्वर खासु	८००००	
	(ग) प्रदिप कुमार थापा	२९००००	
	रमेश वस्याल (कार्यक्रम खर्च)	३५००००	

८	वितरणमुखी कार्यक्रम :		
	स्थानीय सरकार संचालन ऐन २०७४को दफा २४ मा योजना तथा कार्यक्रमको आधार तय गरेको छ । कार्यालयले कार्यक्रम तर्जुमा गर्दा सोहि आधारलाई मध्यनजर गरी कार्यक्रम तयार गर्नुपदछ । कार्यालयले व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामागी खरिद गरी वितरण गरेको देखिन्छ । विपन्न तथा लक्षित वर्गलाई फाईदा पुग्ने, समुहमा आधारित कार्यक्रम तथा न्युन आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान पदान नगरी विना आधार र समुहको सिफारिस वेगर दामासाही वितरण गरेको , वितरण गर्दा व्यक्तिको खरिद गर्न सक्ने क्षमतालाई समेत मध्येनजर नराखेको , वितरित सामानको दिगो उपयोग व्यवस्था नमिलाई व्यक्ति तथा संस्थालाई वस्तुगत अनुदान वितरण गर्ने कार्य उचित नदेखिएको रु	१८,७५,२४०	
९	भरपाई वेगर खर्च : साना किसान मार्फत विउ वितरण गरेको भनी वडा नं. ८ कार्यालयको सिफारिस पत्र समेत पेश गरी भुक्तानीको लागि पेश भएको विल अनुसार रु १४८१२५ खर्च लेखेकोमा विउको गुणस्तर परीक्षण नभएको, कृषकलाई सो सम्वन्ध ज्ञान भए नभएको साथै नगरपालिकाको कृषी शाखा संग समेत समन्वय नगरी तथा कृषकले बुझेको भरपाई समेत पेश नगरी खर्च भुक्तानी भएकोले खर्च उपलव्धिमुलक भएको यकिन गर्न नसकिएको रु	१,४८,१२५	

५	रकमान्तर सग सम्वन्धित बेरुजु:		
	स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७ मा स्वीकृत सिमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । कार्यपालिकाले सभावाट पारित गरेको विभिन्न योजनाहरु वडाले रकमान्तर गरी खर्च लेखेको नियम सम्मत नदेखिएको रु	४०००००	
६	फरक कार्यक्रममा खर्च : कार्यालयले कार्यक्रम संचालन गर्दा तोकिएको कार्यमा तोकिएको सिमाभित्र रही खर्च गर्नु पर्दछ । कार्यालयको स्वीकृत कार्यक्रम अनुसार महिला बालबालिका जेष्ठनागरि, अपाङ्ग, दलित जनजाती सम्मान कार्यक्रमको लागि एकमुष्ट रु ६ लाख विनियोजन भएकोमा विनियोजित रकम मध्ये वडा सचिव धर्मराज पाण्डेलाई पेश्की दिई क्रिकेट खेल खेलाई सम्मान कार्यक्रम सम्पन्न गरेको भनी पेश्की फछर्यौट गरेकोमा विनियोजित कार्यक्रमको उद्देश्य अनुरुप कार्यक्रम संचालन भएको नदेखिएको रु	१०००००	
७	भरपाई वेगर खर्च : गो.भौना १७१।०७५।१२।११ मा पशु विकास अधिकृत राधा पाण्डेले पशुपंक्षी आहारा श्रोतकेन्द विकास सहयोग कार्यक्रमको लागि रु ६०००० पेश्की लिएकोमा विल अनुसार रु ५७०००को घाँसको विउ खरिद गरेको तर उक्त घाँसको विउ कृषकलाई वितरण गरेको भरपाई नभएकोले भरपाईको परमाण पेश गनुपर्ने वा असुल उपर गर्नु पर्ने रु	५७०००	

४	योजना छनौट र विनियोजन सँग सम्वन्धीत बेरुजु :		
	स्थानीय सरकार संचालन ऐन २०७४को दफा ७१ बमोजिम स्थानीय तहले आगामी वर्षको राजस्व र व्ययको अनुमान, गत वर्षको वास्तविक आय व्यय आगामी वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषढ मसान्त भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । कार्यालयले योजना तर्जुमा गर्दा योजना छनौट पक्रिया पुरा नगरी कार्यक्रम तथा योजना कार्यान्वयन गराई हिउँदे सभावाट अनुमोदन गर्ने र पुरक बजेट तथा कार्यक्रम समर्थन गराउने गरेको पाईयो । तसर्थ योजना छनौटको पक्रिया पुरा गरी असार १० गतेभित्रको सभाले मात्र सम्पुर्ण योजना तथा कार्यक्रम पारित गराउने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।		
	साना योजनाको छनौट : कार्यालयबाट पाप्त विवरण अनुसार विभिन्न ५२० योजनाहरुमा रु २,८९,७०,००० विनियोजन भएको देखिन्छ । यसरी स-साना टुक्रे योजनाको सट्टा ठुला आर्थिक विकास र गरिवी निवारणमा पत्यक्ष योगदान पुऱ्याउने, उत्पादन र छिटो पतिफल दिने जस्ता योजना छनौट गर्नु पर्दछ ।		
	स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा मध्यम तथा दिर्घकालिन पकृतीका आयोजनाहरुको सुची समेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ।		

३	निर्माण व्यवसायी संग सम्वन्धित बेरुजु :		
	सार्वजनिक खरिद ऐन २०६४को दफा ९७ (१०) मा उपभोक्ता समिती वा लाभगृाही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्दछ र कुनै निर्माण व्यवसायी वा सव कन्ट्राक्टरबाट गराउन नसकिने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिती मार्फत कार्य गराउने गरी सम्झौता गरेका अधिकांश योजनाहरु उपभोक्ता समिती आफैले काम नगरी निर्माण व्यवसायी संग काम गराई कार्यालयले उपलव्ध गराउने अनुदान बरावर निर्माण व्यवसायीको विल राखी भुक्तानी लिने गरेको देखियो । त्यसैगरी उपभोक्ता समितीले पेश गरेको डोर हाजिरीमा उपभोक्ता समितीका पदाधिकारी तथा उपभोक्ता समिती गठन गर्दाको समयमा उपस्थित जनसमुदाय कसैले पनि श्रम योगदान नगरेबाट केवल पक्रीया पुऱ्याउने परयोजनको लागि मात्र डोर हाजिरी राख्ने गरेबाट पनि उपभोक्ता समिति कार्यालय र निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको देखिएको ।	२१,५५,७९४	

२	उपभोक्ता समिती सँग सम्वन्धित बेरुजु :		
	सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिती बाट काम गराउँदा सम्पन्न निर्माण कार्यको संचालन उपभोक्ता समितीले नै गर्नुपर्ने, खर्चको सुचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर,जस्ता मेशिनहरु परयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समिती बाट तोकिएको जनसहभागिता नहुने, जटिल पाविधिक पक्ष समावेश भएका आयोजनाहरु समेत उपभोक्ता समिती बाट संचालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वाजनिक नहुने जस्ता कानुनले तोकेका कार्य समेत नहुने हँदा यस तर्फ नियन्त्रण गर्नुपर्ने देखिन्छ ।		
	कतिपय उपभोक्ता समिती हरुको संभौता पत्रमा सही छाप छुटेको, डोर हाजिरी फारम परमाणीत नभएको, काम गदै गर्दा र सम्पन्न भएपश्चाको फोटौ नै नभएको उ.स पदाधिकारी हरुको नागरिकाता समावेस नभएको अवस्थामा समेत रकम भुक्तानी भएकोमा यस्तो कार्यलाई नियन्त्रण गर्नु पर्ने देखिन्छ ।		

- प्रथम चौमासिकमा बेरुजु संपरिक्षणको लागि प्रमाण तथा कागजातहरु पेश भएका बेरुजु हरुको विवरण

सि.न	आ.व	विवरण	रकम	कैफियत
१	०७०।७१	सुर्योदय महिला विकास तथा ऋण सहकारी पे.फ.	१०००००	
२	०७०।७१	अम्मरदिन मीयाँ पे.फ.	२५०००	
३	०७०।७१	मेरो मिडीया घर सन्धिखर्कको बढी भुक्तानी अशुल भएको	५००	
४	०७१।७२	नेपाल पत्रकार महासँघ अर्घाखाँची	१०००००	
५	०७१।०७२	गरिब संग विश्वेस्वर कार्यक्रम तर्फको बढी भुक्तानी अशुल भएको ।	७८५	
६	०७४।७५	रमेश बस्याल पे.फ.	३५००००	
७	०७४।७५	जिल्ला अस्पताल अर्घाखाँची	८०००००	
८	०७४।७५	भुशाल कन्ट्रक्सन	१०४१४६	
९	०७४।७५	वडा नं.८ को विउ खरिद	१४८१२५	

सि.न	आ.व	विवरण	रकम	कैफियत
१०	०७५।०७६	विभिन्न योजनाहरु	२१५५७९४	
११	०७५।०७६	लागत अनुमान संग सम्वन्धित वडा र्न १०	१९८५५९६	
१२	०७५।७६	महिला स्वास्थ्य स्वयमँ सेविका वडा नं. २	२८८००	
१३	०७५।७६	पशु विकास अधिकृत राधा पाण्डे	५७०००	
१४	०७५।७६	मुख्य महिला कार्यकर्ता	४२७०००	
१५	०७५।७६	जनात कृष्ण मा.वी पकले	३८५५९४	
१६	०७५।७६	मु.अ कर सम्बन्धि बेरुजु	६१९४८६	
		कुल जम्मा	७२८७८६६	

आ.व ०७७।०७८ को आ.ले.प गर्दा देखिएका व्यहोराहरु
समस्या देखिएका पक्षहरु

- केही विलहरुको भुक्तानी गर्दा मापदण्ड पुरा नगरेको ।
- समयमै पेश्की फछ्र्यौट गर्ने तर्फ ध्यान नदिएको ,
- कतिपय अवस्थामा दोहोरो सुविधा पर्नेगरी समेत खर्च भुक्तानी भएको ।
- अनुगमन तथा मुल्याङ्कन प्रभावकारी परिणामुखी हुन नसकेको
- स्थानीय तहले योजना बनाउँदा सहभागितामुलक, उत्पादनमुलक र गरिवी निवारण प्रत्यक्ष प्रतिफल दिने खालका योजना छनौट गरी मध्ययम तथा दिर्घकालिन प्रकृतिका आयोजनाको सुचिसमेत तयार गनुपर्नेमा धेरैजसो स-साना योजनाहरुको छनौटमा ध्यान दिएको देखिन्छ ।

सकारात्मक पक्षहरु

- मुख्य–मुख्य शाखाहरुमा सफटवेयरबाट कार्य भएकोले गणितीय सुद्धिकरण भएको पाइयो ।
- विभिन्न करयोग्य वस्तु तथा सेवाहरुमा प्राय सबैमा कट्टी गरिएको,
- काम कम भएका योजनाहरुलाई नियम अनुसार प्राविधिक मुल्याङ्कन गरिएको,
- महालेखा नियन्त्रक कार्यालयले निशुल्क रुपमा उपलव्ध गराएको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA) सफ्ट्वयर मार्फत विद्युतीय लेखा राखिएको छ । जसले गर्दा आर्थिक कारोवार चुस्त, दुरुस्त, पारदर्शी हुनका साथै आर्थिक अनुसाशन कायम गर्न सघाउ पुग्दछ ।

सुझावहरु

- – स्थानीय सरकार संचालन ऐन वमोजिम नगर सभावाट वार्षिक वजेट स्वीकृत गरि कार्यतालिका वनाई समयमै काम सम्पन्न गर्नुपर्नेमा कार्यपालिकाले आ.व.को अन्तमा समेत वजेट संसोधन स्वीकृती गर्दा असारमा वढी कार्य भई अनुगमन तथा मुल्याङ्कन गर्न नसकिने तथा कामको गुणस्तरमा समेत असर पर्ने भएकोले नियमानुसार समयमा कार्य गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु जरुरी देखिन्छ ।
- समयमै पेश्की फछ्र्यौट हुन नसक्दा कतिपय पेश्की रकम वेरुजुको रुपमा देखिएकोले आ.व.को अन्त्यमा आएर पेश्की लिने प्रचलन लाई निरुत्साहित गरी समयमै पेश्की फछ्र्यौट गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- पाइप, जस्तापाता, त्रिपाल, तारजाली आदिजस्ता वितरणमुखी बस्तुहरु वार्षिक कार्यक्रम बनाएर लक्षित समुहलाई मात्र वितरण गर्नुपर्ने देखिन्छ ।
- कार्यक्रम तथा बजेट तयार गरी स्विकृत गर्नु अगाडी नै सम्वन्धित सरोकारवालाहरु संग यथेष्ट छलफल तथा गृहकार्य गरेर सकेसम्म पछी रकमान्तर तथा संसोधन गर्न नपर्ने गरी योजना तथा कार्यक्रमको छनौट एवं स्विकृत गनुपर्ने देखिन्छ ।

केही जिज्ञासा ?

धन्यवाद ।

स्वागत

कृषि विकास शाखाको चौमासिक प्रगति तथा समिक्षा आ.व.२०७७/७८

प्रस्तुतकर्ता :
राजेन्द्र भट्टराई
कृषि अधिकृत
सन्धिखर्क नगरपालिका कृषि विकास शाखा

१० % अनुदानमा उन्नत तथा हाईब्रीड तरकारीको बीउ वितरण कार्यक्रम

- विनियोजत बजेट: ४००,०००|-(चार लाख)
- खर्च बजेट:२,३७,०००|-(दुई लाख सैतिस हजार)
- लाभान्वित कृषि फर्म समुह सहकारी: १८३ बटा

७५ % अनुदानमा गहूँको उन्नत तथा मूल बीउ वितरण कार्यक्रम

- उन्नत बीउमा विनियोजित बजेट:४,५०,०००|- (चार लाख पचास हजार)
- खर्च रकम: ४५००००|-
- वितरण गरिएको परिमाणः ८००० के. जी. मूल १००० के. जी.
- प्रगति प्रतिशत:१००%
- गहूँको मूल बीउ विनियोजित वजेट :१००००० (एक लाख)
- प्रगति प्रतिशत:१००%

५० % अनुदानमा कन्ये तथा सिताके च्याउको बीउ वितरण कार्यक्रम

- कन्ये तथा सिताके च्याउमा विनियोजित बजेट: १७००००|-(एक लाख सत्तरी हजार)
- खर्च रकम: १७००००|-
- वितरण गरिएको परिमाण: ४७७० पाकेट
- प्रगति प्रतिशत:१००%
- लाभान्वित संख्या : १००४ जना

५० % अनुदानमा जैविक तथा रासायनिक मल वितरण कार्यक्रम

- मलमा विनियोजित बजेट: २००००००|-(दुई लाख)
- भुक्तानी रकमः नभएको
- वितरण गरिने परिमाणः ११७५० के. जी.
- मल मध्ये वितरण भएको परिमाणः

आलु तथा तरकारी पकेट कार्यक्रम विकास स. न. पा. ८

- विनियोजित बजेट: १२०००००|- (बाह्र लाख)
- भुक्तानी: नभएको
- प्राप्त प्रस्तावहरु: १९ वटा
- संचालन प्रकृया: ९ सदस्य समन्वय समिती गठन

तरकारी पकेट कार्यक्रम विकास स. न. पा. ६

- विनियोजित बजेट: १२०००००|- (बाह्र लाख)
- भुक्तानी: नभएको
- प्राप्त प्रस्तावहरु: ५ वटा
- संचालन प्रकृया: ९ सदस्य समन्वय समिती गठन

एक स्थानीय तह एक उत्पादन कार्यक्रम स.न.पा वडा नं ९, १० र ११

- विनियोजित बजेट: १७०००००|- (सत्र लाख)
- भुक्तानी: नभएको
- प्रस्तावहरु: ३ वटा वडाका कृषि फर्म समुह सहकारी मार्फत माग
- संचालन प्रकार: कार्यक्रमको प्रस्ताव

कार्यक्रमका केहि झलकहरु

कृषि विकास शाखा
अर्घाखांची

म भ्रष्टाचार गर्दिन । म भ्रष्टाचार हुन दिन्न ।
सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अर्घाखाँची
HELP DESK
सहायता कक्ष
"उन्नत हाईब्रिड बीउको प्रयोग गरि उत्पादन
तथा उत्पादनकत्व बढाई स्वरोजगार बनौं"
७५% अनुदानमा गहुँको उन्नत तथा मूल बीउ वितरण कार्यक्र
(आ.व. २०७७/०७८)
आयोजक
सन्धिखर्क नगरपालिका
कृषि विकास शाखा
अर्घाखाँची
जिल्ला प्रहरी कार्यालय अर्घाखाँचीको
तपाईको मास्क छ
निम्न सावधानी

JMD

युवा स्वरोजगार
सहभागितात्मक
तरकारी उत्पादन
तथा प्रशोधन प्रविधि प्रदर्शनी
बाली गोलभेडा
जात उन्सरी
सन्धिखर्क नगरपालिका
कृषि विकास शाखा
अर्घाखाँची

केही जिज्ञासा?

धन्यवाद

खरिद गरिएका जिन्सी मालसामानहरुको विवरणः

•खर्च भएर जाने जिन्सी मालसामान तर्फः (५,८३,०२६।-)

कार्यालयलाई आवश्यक पर्ने विभिन्न प्रकारका स्टेशनरी सामान लगायतका सामानहरु शिलवन्दी दरभाउ पत्रको माध्यमबाट खरिद गरिएको

•खर्च भएर नजाने जिन्सी मालसामान तर्फ शिलवन्दी दरभाउ पत्रको माध्यमबाट तपशिलका सामानहरु खरिद गरिएको (मेशसनरी औजार ९,४३,००५ फर्निचर ४,६७,२६०)

•कम्प्युटर डेक्सटप - १० वटा

•प्रिन्टर - १२ वटा

•अफिस टेवल - ९ वटा

•अफिस कुर्ची - १९ वटा

•स्टिल दराज – १३ वटा

•सिसाको स्टिल दराज – १ वटा

•स्टिल फाईल –याक -४ वटा

जिन्सी निरिक्षण प्रतिवेदनमा टुटफुट तथा वेकम्मा भई काम नलाग्ने भई प्रयोगमा नआएका खर्च भएर नजाने जिन्सी मालसामानहरु लिलाम विक्री गर्नु पर्ने भनी किटानी भएका सामानहरु लिलाम विक्री गर्ने प्रक्रियामा रहेका

तपशिलः

फलामे कुर्चि,भ्याकुम क्लिनर,घुम्ने कुर्ची,अफिस कुर्ची,काठको कुर्ची,स्टिल दराज,टी-टेवल,ईलेक्ट्रोनिक हिटर,ग्यास गिजर,ल्यापटप, टि.भि.मनिटर प्रोजेक्टर,मुवाईल,फोटोकपी मेसिन,अफिस टेवल,डिजिटल क्यामरा,भिजिटल

नमस्कार

आ.व.२०७७/०७८ को प्रथम चौमासिक समिक्षा गोष्ठी

२०७७ पौष १९

सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,अर्घाखाँची
आ व २०७७/०७८ को नगरपालिकाको एकिकृत बित्तिय बिवरण (२०७७ कार्तिक सम्मको)

बजेटको श्रोत	श्रोतकी प्रकार	शुरु बजेट	आम्दानी / निकासा			जम्मा	बाँकी
				चालु	पुंजिगत		
नेपाल सरकार	समानीकरण अनुदान	१३१५०००००	३२८७५०००	०	२४६३११२९	२४६३११२९	८२४३८७१
नेपाल सरकार	राजश्व वाँडफाड	९३१४३९६०	२८८०८८३५	१२४२२०१७.	१०२३०००.०	१३४४५०१७	१५३६३८१८
नेपाल सरकार	शसर्त अनुदान	४३५५०००००	१३९३६००००	७८६८५२३७	१५६३८४२	८०२४९०७९	५९११०९२१
नेपाल सरकार	बिशेष अनुदान	१५००००००	५००००००	०	०	०	५००००००
नेपाल सरकार	समपुरक अनुदान	१९९०००००	६६३३०००	०	५००००००	५००००००	१६३३०००
नेपाल सरकार	सडक बोर्ड	३८०००००	२६१५००९	०	०	०	२६१५००९
लुम्बिनी प्रदेश	समानिकरण अनुदान	५३९८०००	१३४९५००	०	१६८०००	१६८०००	११८१५००
लुम्बिनी प्रदेश	राजश्व बाडफाँड	१६६१००००	०	०	०	०	०
लुम्बिनी प्रदेश	समपुरक अनुदान	२०००००००	०	०	०	०	०
लुम्बिनी प्रदेश	शसर्त अनुदान	२८३५००००	५३३७५००	०	०	०	५३३७५०००

आ.व. २०७७/०७८ को अन्तर सरकारी अख्तीयारी तथा खर्च विवरण

बजेटको श्रोत	श्रोतकी प्रकार	शुरु बजेट	आम्दानी / निकासा	खर्च	जम्मा	बाँकी
सामाजिक सुरक्षा तथा संरक्षाण		११८५६५०००	३८६४४०४९	३८६४४०४९	३८६४४०४९	७९९१९९५१
स्वच्छ वातावरण कार्यक्रम		२५०००००	०	०	०	२५०००००
गरिबसंग विश्वेस्वर कार्यक्रम		५४६०००	६००००	६००००	६००००	४८६०००
महिला तथा बालबालीका कार्यक्रम		३०००००	०	०	०	३०००००
जम्मा		१२१९११०००	३८७०४०४९	३८७०४०४९	३८७०४०४९	८३२०५९५१

विपद्/प्रकोप व्यवस्थापन कोष

कोरोनारोग रोकथाम तथा नियन्त्रण कार्यक्रम तर्फको आम्दानी तथा खर्च विवरण आ व २०७७/०७८

विवरण	रकम रु.	बांकी
आम्दानी विवरण		
गत आ.व.को अल्या	२५३४९।३८	
स्थानीय पुर्वाधार विकास कार्यक्रमको बचत रकम दाखिला	१०७९५५२।००	
संघीय सरकार बाट प्राप्त क्वारेन्टीन व्यवस्थापनको लागि प्राप्त रकम	२४७५७२५।००	
विपद व्यवस्थापन कोषको रकम ट्रान्सफर	१००००००।००	
जम्मा	१३५८०६२६।००	
खर्च विवरण		
२०७७ कार्तिक सम्मको क्वारेन्टीन खर्च	३८,८३,३९२।००	
बांकी रकम	९६९७२३४।३८	

नोट : विपद् व्यवस्थापन कोष तर्फको रकम समेत समावेश भएको ।

आर्थिक प्रशासन शाखाबाट सम्पादन गरिएका कामहरु

१. भुक्तानी लागि पेश भएका योजना तथा अन्य भुक्तानी हरुको कागजात जांच गरि मिलेको अवस्थामा २ दिन भित्र भुक्तानी गर्ने गरिएको र नमिलेको अवस्थामा योजना शाखामा जानकारी गराएको ।

२. सामाजिक सुरक्षा भत्ता समयमै वितरण गरिएको ।

३. आ.व.२०७६/०७७ को वार्षिक प्रतिवेदन तयार गरि सम्बन्धित निकायमा पठाएको ।

४. आ.व.२०७६/०७७ को आन्तरिक लेखा परीक्षण सम्पन्न भएको ।

सुधार गर्नु पर्ने कुराहरु :

१. विषयगत शाखाहरु बाट श्रोतको / निकासा भए नभएको यकिन नगरी कार्यक्रम सम्पन गरि एकैपटक भुक्तानीको लागि पेश भएको देखिएकोले कहिलेकाहीं भुक्तानीमा असहज हुने ।

२. विषयगत शाखा तथा वडा कार्यालय हरुको कार्यक्रम बांडफांड (ब्रेकडाउन) गर्दा चालु प्रकृतिका खर्चहरु पुंजीगतमा राखेको पाइएकोले नियमसंगत नभएको । उदाहरण : बैठक , अनुगमन, भ्रमण खर्च तथा केहि करारका कर्मचारीहरुको तलब ।

३. मालसामान खरिद गर्दा बिल टुक्राइ खरिद गर्ने / एकै प्रकृतिका सामान पटक पटक खरिद गर्ने /बोलपत्र बाट खरिद गर्नु पर्नेमा दरभाउ पत्र बाट खरिदगर्ने गरेको पाइएकोले सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ को पूर्ण परिपालना गरी खरिद प्रकृया अपनाउनु पर्ने देखिन्छ ।

४. नगर सभाबाट स्वीकृत भएका योजनाहरु वडा समिति आफै तथा नगर प्रमुख तथा उप प्रमुखको सयोजकत्वा बैठक बसी संशोधन गरेको भनि बेरुजु ओल्याएको हुंदा कार्यक्रम संशोधन नगर सभाबाट मात्र हुनु पर्ने ।

कुनै जिज्ञासा भए ?

धन्यवाद !!!

"सबै नगरवासीको रहर, सुन्दर र समृद्ध सन्धिखर्क नगर"

प्रथम चौमासिक समीक्षा

(आ.व. २०७७/०७८)

नक्सा शाखा

आयोजक

सन्धिखर्क नगरपालिका, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

मिति: २०७७/०९/१९

संक्षिप्त परिचय

जनसक्ति:

इन्जिनियर – १
सव इन्जिनियर – १
अ. सव इन्जिनियर – १
अमिन – १

मुख्य जिम्मेवारी:

- *"वस्ती विकश, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७४"* सन्धिखर्क नगरपालिकामा पालना गराउनु
- *नयाँ घर नक्सा पास गर्नु, अनुगमन गर्नु, निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गर्नु*

नक्सा शाखा बाट सम्पादन भएको काम (आ व ७७/७८)

नयाँ निर्माण – ३

अभीलेखिकरण – ६७

नामसारी – ३

भूकम्प – २

जम्मा राजस्व संकलन = ३,०९,४५७.६४



न्यूनतम मापदण्ड


SETBACK LINE
RIGHT OF WAY
CL
16'-0" Wide Existing Road
20'
8'-0"
16'-0"
5'-0"
RIGHT OF WAY
SETBACK LINE
BUILDING TO BE PERMITTED FOR CONSTRUCTION
SETBACK LINE

मुख्य समस्याहरु

- नक्सा पास गरेर घर बनाउनु भन्दा घर बनाएर नक्सा पास गर्न सजिलो हुन्छ भन्नु
- नापी नक्सा नहुदै बनाएका केहि घर हरुले केहि मात्रामा सार्बजनिक जग्गा मिचेको
- पिल्लर आफ्नो जग्गामा राखने गारो बाहिर बाट उठाउने समस्या
- मुख्य बजार क्षेत्रमा सेट ब्याक र जग्गा उपयोग प्रतिशत कसरी लागु गर्ने
- नापी नक्सा नभएका वार्ड हरु मा कसरी नक्सा पास गर्ने

केहि तस्विरहरु

केहि तस्विरहरु

गर्नु पर्ने काम हरु

- "वस्ती विकश, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७४" लाई संसोधन गर्नु पर्ने
- यस नगरपालिकामा एउटा प्राबिधिक समिति को गठन गर्ने
- घर नक्सा सम्बन्धी सचेतना कार्यक्रम को सुरुवात गर्नु पर्ने
- अभीलेखिकरण प्रक्रिया लाई बन्द गर्नु पर्ने
- अनुगमन लाई नियमित गर्नु पर्ने

धन्यवाद !

व्यक्तिगत घटनाएँ

यस नगरपालिकाको श्रावण देखि असोज महिनासम्मको व्यक्तिगत घटनादर्ता विवरण

विवरण	जन्म दर्ता			मृत्यु दर्ता			विवाह दर्ता	वसाईसराइ				सम्बन्धविच्छेद	जम्मा दर्ता संख्या
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा		दर्ता संख्या	गएको	आएको	प.सं.		
श्रावण देखि असोज महिना सम्मको	१६४	२०७	३७१	६६	८२	१४८	७८	२४	१५	७	७२	०	६२१

यस नगरपालिकाको कार्तिक महिनाको व्यक्तिगत घटनादर्ता विवरण

कार्तिक महिना देखि सबै वडाहरुमा व्यक्तिगत घटनादर्ता अनलाइनबाट सुरु भएको छ ।

यस नगरपालिकाको Online व्यक्तिगत घटनादर्ता भए पश्चातका विवरण

वडा नं.	जन्म			मृत्यु			सम्बन्ध बिच्छेद	विवाह	बसाई सरी आएको		बसाई सरी जाने		बेवारिसे	
	पुरूष	महिला	जम्मा	पुरूष	महिला	जम्मा	जम्मा	जम्मा	दर्ता संख्या	सदस्यको संख्या	दर्ता संख्या	सदस्यको संख्या	जम्मा	जम्मा
१	३१	२०	५१	५	३	८	१	९	५	१८	१	४		७५
२	९६	१००	१९६	१७	१९	३६	१	६३	१६	६६	५	१४		३१७
४	९	११	२०	२	४	६		१४	१	६	१	७		४२
५	६	७	१३	१	२	३		११						२७
६	११	९	२०	७	३	१०		१३			४	१३		४७
७	२३	१४	३७	७	१	८		१०						५५
८	९	९	१८	४	२	६		११						३५
९	९७	७९	१७६	२१	१३	३४	१	३७	१	८	५	१९		२५४
१०	७०	५९	१२९	१६	१६	३२		३८	४	१०	७	२१		२१०
११	३०	२१	५१	४	२	६		१४			१	४		७२
१२	१३	१९	३२	३		३		१०			४	१९		४९
जम्मा	३९५	३४८	७४३	८७	६५	१५२	३	२३०	२७	१०८	२८	१०१	०	११८३

सामाजिक सुरक्षा वितरण र दर्ता

यस नगरपालिकाको सामाजिक सुरक्षा भत्ता एकमुष्ट पहिलो चौमासिक विवरण

क्र.स.	लक्षित समूह	जम्मा संख्या	भत्ता रकम
१	जेष्ठ नागरिक (अन्य)	१८४१	२०२१४०००
२	जेष्ठ नागरिक (दलित)	३५४	२८३२०००
३	विधवा / एकल महिला	११२४	८९९२०००
४	पूर्ण अपाङ्ग	१८०	२१४८०००
५	अति अशक्त अपाङ्ग	१८३	११६४८००
६	वालवालिका	६९२	१०७६०६४
जम्मा			**३,८२,६७,८६४**

डिजिटाइजेशन कार्य

यस नगरपालिकामा मंसिर देखि सुरु भइ हालसम्म व्यक्तिगत घटनादर्ताको डिजिटाइजेशन कार्य तिब्रगतिमा अघि बढि रहेको

घटना दर्ता विवरण	दर्ता किताबमा रहेका घटना दर्ता संख्या	डिजिटाइज गरेको जम्मा दर्ता संख्या		
			अक्षर नबुझिने	अपुर्ण बिबरण
जन्म	4178	3263	0	59
मृत्यु	581	494	1	22
बिबाह	2219	1058	0	3
बसाई सराई	370	74	0	10

सामाजिक सुरक्षा भत्ता कार्यक्रम अनलाइनबाट भएता पनि बैंकिङ्ग प्रणालि मार्फत सञ्चालनको लागि बैंक सम्झौता कार्य भइरहेको ।

बैंक सम्भताको केहि फोटोहरू

व्यक्तिगत घटना दर्ता सम्बन्धि तालिमका केहि तस्वीरहरु

डिजिटाइजेसन सम्बन्धि तालिमको तस्विर

जिज्ञासा? .....

●●●धन्यवाद●●●

नमस्कार

सन्धिखर्क नगरपालीका
नगर कार्यपालिकाको कार्यालय
महिला बालबालिका तथा ज्येष्ठनागरिक शाखा
सन्धिखर्क अर्घाखाँची

आर्थिक वर्ष २०७७।७८ को प्रथम चौमासिक समिक्षा
२०७७ पौष १९

प्रस्तोता :
श्री बेलकुमारी परियार
महिला विकाश निरिक्षक

आ.व.२०७७/०७८ को बार्षिक कार्यक्रम

सि.न.	योजना/कार्यक्रमको नाम	स्थान	बार्षीक लक्ष्य		
			परिमाण	भार	बजेट
१	२	३	४	५	६
१	महिला वशेष				
१	लैंगिक हिंसा न्युनिकरण सम्वन्धि रणनीति योजना तयारी ३ दिने	नगरस्तरीय	१	४.६५	२०००००
२	महिला शशक्तीकरण कार्यक्रम (अन्तरपार्टी महिला संजालको सहकार्यमा)	नगरस्तरीय	१	४.६५	१०००००
३	लैंगिक हिंसा न्यूनिकरणमा पुरुष अभियन्ता परिचालन	नगरस्तरीय	१	४.६५	५००००
४	विपन्न र दलित महिलाहरुलाई सीप तथा व्यवशायिक तालिम हाते झोला बुनाई तालिम	नगरस्तरीय	१	४.६५	३०००००
५	विपन्न एकल महिलाहरुलाइ सीप तथा प्रविधि हस्तान्तरण (२५ बर्षदेखि ५० बर्षसम्मका)	नगरस्तरीय	१	४.६५	२०००००
६	लैंगिक हिंसा विरुद्ध १६ दिने अभियान	नगरस्तरीय	१	४.६५	१०००००
७	अन्तरार्ष्टिय महिला दिवस (महिला उद्येमी, महिला मजदुरलाइ सम्मान गर्ने)	नगरस्तरीय	१	४.६५	५००००
	जम्मा			२३.२६	१००००००

सि.न.	योजना/कार्यक्रमको नाम	स्थान	बार्षीक लक्ष्य		
			परिमाण	भार	बजेट
१	२	३	४	५	६
२.०	अपाङ्गता विशेष				
१	अपाङ्गता भएका व्यक्तीहरुलाइ सहायता सामग्री वितरण	नगरस्तरीय	१	४.६५	५००३८
२	अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण शिविर	नगरस्तरीय	१	४.६५	६००००
३	अपाङ्गता भएका व्यक्तिहरुका लागि सीप तथा व्यवसायिक तालिम तथा प्रविधि हस्तान्तरण (**ग र घ वर्गका**)	नगरस्तरीय	१	४.६५	१५००००
४	अन्तराष्ट्रिय अपाङ्गता दिवस	नगरस्तरीय	१	४.६५	३००००
	जम्मा			९.३०	४०००००
३.०	ज्येष्ठ नागरिक विशेष				
१	१२ वटै वडामा ज्येष्ठ नागरिक कल्याण समिति गठन तथा अन्तरक्रिया	नगरस्तरीय	१	४.६५	१०००००
२	अशक्त अपाङ्ग र विपन्न ज्येष्ठ नागरिकलाई न्यानो कपडा वितरण कार्यक्रम	नगरस्तरीय	१	४.६५	१५००००
३	ज्येष्ठ नागरिक कल्याण समितिका पदाधिकारीहरुलाई ज्येष्ठ नागरिक सम्वन्धि बनेका ऐन कानुन सम्वन्धि अभिमुखिकरण	नगरस्तरीय	१	४.६५	५००००
४	अन्तरार्ट्रिय ज्येष्ठ नागरिक दिवस	नगरस्तरीय	१	२.३३	१०००००
	जम्मा			९.३०	४०००००

सि.न.	योजना/कार्यक्रमको नाम	स्थान	बार्षीक लक्ष्य		
			परिमाण	भार	बजेट
१	२	३	४	५	६
४.०	बालबालिका विशेष				
१	नगर स्तरीय बाल सञ्जाल गठन	नगरस्तरीय	१	४.६५	५००००
२	बाल क्लबका पदाधिकारीहरुलाई तालिम २ दिने	नगरस्तरीय	१६	४.६५	१०००००
३	जोखिममा रहेका बालबालिकाहरु उद्धार तथा पूर्नस्थापना	नगरस्तरीय		१.१६	५००००
४	चर्चको बालशिक्षाको भवन जस्तापाता तथा ममर्त सनपा-१	नगरस्तरीय	१	४.६५	२४१४६१९
५	अन्तराष्ट्रिय र राष्ट्रिय बाल दिवस (पुरस्कार समेत)	नगरस्तरीय	१	४.६५	५००००
६	बालमन्दिर अनुदान	नगरस्तरीय	१	४.६५	५००००
६	जम्मा			९.३०	४०००००
५.०	मुस्लिम –अल्पसाङ्खिक विशेष				
१	कम्प्यूटर तालिम	नगरस्तरीय	१	४.६५	१०००००
२	सशक्तिकरण सहकार्य (महिला पुरुष समविकास) तालिम २ दिने	नगरस्तरीय	४	४.६५	१०००००
२	जम्मा			४.६५	२०००००
६.०	जनाजाति विशेष				
१	भाषा सस्कृति संरक्षण	नगरस्तरीय	१	४.६५	१५००००
२	जनजातिको नगर स्तरीय संजाल गठन, बैठक र कानूनी सचेतना	नगरस्तरीय	१	४.६५	५००००
३	मगर समुदायलाइ प्रविधि हस्तान्तरण	नगरस्तरीय	१	४.६५	१५००००
३	जम्मा			८.१४	३५००००

७.०	दलित विशेष				
१	लोक सेवा र शिक्षा सेवा आयोग तयारी कक्षा संचालन	नगरस्तरीय	१	३.८४	१६५०००
२	कम्प्यूटर तालिम संचालन	नगरस्तरीय	१	२.३३	१०००००
३	प्रविधि हस्तान्त्रण कार्यक्रम	नगरस्तरीय	१	४.६५	२०००००
४	वादी र गन्धर्व समुदायलाइ स्वास्थ्य विमा	नगरस्तरीय	१	४.८८	२१००००
५	नगर स्तरीय दलित सञ्जाल गठन	नगरस्तरीय	१	१.१६	५००००
६	दलित समुदायहरुको तथ्याक संकलन	नगरस्तरीय	१	१.१६	५००००
७	दलित समुदायलाइ नेतृत्व विकास सम्न्धी प्रशिक्षण प्रशिक्षक तालिम	नगरस्तरीय	१	१.७४	७५०००
	जम्मा			१९.७७	८५००००
८.०	युवा विशेष				
१	ड्राईभिङ तालिम	नगरस्तरीय	१	४.६५	२०००००
२	लालीगुराँस महिला सहकारी संस्थालाइ आधुनिक ढाका तान प्रविधि हस्तान्त्रण	नगरस्तरीय	१	४.६५	१०००००
३	कुटानी पिसानी प्रविधि हस्तान्त्रण	नगरस्तरीय	१	४.६५	१०००००
	जम्मा			९.३०	४०००००
	निर्शत अनुदान जम्मा			९३.०२	४००००००

९	लैंगिक समानता तथा सामाजिक समावेशीकरण (शशर्त अनुदान तर्फ)				
१	१) समाजमा रहेका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा, मानव वेचविखन तथा ओसारपसार विरुद्ध सचेतनामूलक कार्यक्रम तथा अभियान संचालन 2) महिला विकास कार्यक्रमद्धारा प्रर्वदित महिला सहकारी संस्थाहरुको सुदृढीकरण एवं स्थानीय तहको महिला उद्यमी संजाल स्थापनाको लागि सहजीक	नगरस्तरीय	१	४.६५	१०००००
२	स्थानीय तहको लैगिक हिंसा निवारण कोषमा रकम	नगरस्तरीय	१	४.६५	१०००००
३	महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्य क्षेत्र (महिला, बालबालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यक) का तथ्यांक संकलन तथा अद्यावधिक गरि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनका लागि	नगरस्तरीय	१	४.६५	१०००००
	जम्मा			६.९८	३०००००
	कूल जम्मा			१००	४३०००००

प्रथम चौमासिकमा भएका कार्यक्रमहरुको प्रगति विवरण
आ.व.०७७।०७८

- अन्तरार्ट्रिय ज्येष्ठ नागरिक दिवस कार्यक्रम सम्पन्न
- कुल विनियोजित रकम रु १००००००.००
- खर्च रु १००००००.००
- शिर्षकगत प्रगति १०० प्रतिशत
- कार्यक्रममा १२ वाडका ३३ जनालाई न्यानो कपडा (ब्लाङकेट र सल) वितरण सहित कार्यक्रम सम्पन्न भएको थियो ।

१) मानव वेचविखन तथा ओसारपसार विरुद्धसचेतनामूलक कार्यक्रम तथा अभियान सम्पन्न

- कुल विनियोजित रकम रु १००००००.००
- खर्च रु १६०००.००
- शिर्षकगत प्रगति १६ प्रतिशत (सोही शिर्षकमा रहेका अन्य कार्यक्रम हुन बाँकी)
- ६ वटा स्थानीय संचार माध्यमबाट जिंगलको माध्यमबाट प्रचार प्रसार गरिएको

२) वालमन्दिर अनुदान

- कुल विनियोजित रकम रु ५००००.००
- खर्च रु ५००००.००
- शिर्षकगत प्रगति १०० प्रतिशत

अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता परिचय पत्र वितरण सम्बन्धि विवरण २०७७।०७८

प्रथम चौमासिक	नँया र्तफ										
	क		**ख**		**ग**		**घ**		**जम्मा**		
	पू	म	पू	म	पू	म	पू	म	पू	म	जम्मा
२०७७।०४।१ देखि २०७७।७।३० सम्म		१	४	५		१	३		८	६	१४
जम्मा		१	४	५		१	३		८	६	१४

अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्गता परिचय पत्र वितरण सम्बन्धि विवरण
२०७७।०७८

प्रथम चौमासिक	**नविकरण तर्फ**										
	क		**ख**		**ग**		**घ**		**जम्मा**		
	पू	म	पू	म	पू	म	पू	म	पू	म	जम्मा
२०७७।०४।१ देखि २०७७।७।३० सम्म	३		१			२	१	१	५	३	८
जम्मा	३		१			२	१	१	५	३	८

ज्येष्ठ नागरिक सम्मान कार्याक्रमका केही तस्वीरहरु

अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस
मिति: २०७७ असोज १५ गते
(अक्टुबर १ तारिख)
आयोजक:

८ नं वडा कार्यालय

अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस
मिति: २०७७ असोज १५ गते
(अक्टुबर १ तारिख)

सन्धिखर्क नगरपालिका
८ नं वडा कार्यालय
२०७३

अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस

अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस
मिति: २०७७ असोज १५ गते
(अक्टुबर ९ तारिख)

केहि जिज्ञाशा छ की ?

धन्यवाद ।।।